# आर्थिक वर्ष २०७७/२०७८ को

# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण

## प्रतिबेदन

**राप्ती गाँउपालिका**

**लालमाटिया, दाङ, लुम्बिनी प्रदेश, नेपाल**

ईमेल :raptiruralmunicipality@gmail.com

<u>बिषय सुचि</u>

## Contents

राप्ती गाँउपालिकाको संक्षित्त जनकारी ..... द्ध

१।पृष्ठभूमी ..... छ

२। अध्ययनको महत्व ..... ट

३। लैङ्गिक परीक्षणको उद्देश्यहरु ..... ट

४। लैङ्गिक परीक्षणले समेटने क्षेत्रहरु ..... ठ

५। लैङ्गिक परीक्षणक विधि र तरिका ..... ड

५।१ तयारी चरण ..... ड

५।२, कार्यान्वयण चरणः ..... ड

६। लैङ्गिक परीक्षणकासहभागीहरु ..... ड

७ लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु ..... ढ

८। लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरु ..... ढ

९॥१। परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक ..... ज्ञण

९।२। लैङ्गिक परीक्षण नतिजाको माकुरे जालो ... ज्ञज्ञ

९।२।१ मकुरोको जालो बिधि १ ... ज्ञज्ञ

९।२।३ उपकार्यक्षेत्रगत रूपमा नतिजाको माकुरी जालोद्दारा प्रस्तुती ... ज्ञघ

१०। गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु ... ज्ञद्ध

११। लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना ... द्दज्ञ

१२। निश्कर्ष ... द्दद्ध

१३। सुझाव ... द्दद्ध

अनुसुचिहरु ... द्दछ

लैससास परिक्षण गोष्ठीका केहि झलकहरु ... द्दछ

लैससासकार्यशाला गोष्ठीको समय तालिका ... द्दठ

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यशाला गोष्ठी ... द्दठ

असार ०३र ०४ २०७८ ... द्दठ

## राप्ती गाँउपालिकाको संक्षित्त जनकारी

नेपालको मध्य पश्चिम क्षेत्रमा रहेको दाङ जिल्लाको पूर्वीभागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरे क्षेत्रमा अवस्थित छ । राप्ती गाउँपालिका साविकमा भएका २ वटा गाउँविकास समितिहरु लालमटिया र सिसहनीयाको सवै भाग तथा हाँसिपुर गाउँविकास समितिहरु साविक वडा नं. १ र २ वडालाई पुर्नसंरचना गरी हाल ९ वटा वडामा पुर्नसंरचना गरिएको छ । हाल यसको प्रशासनिक केन्द्रको रुपमा मसुरिया राखिएको छ ।यो गाउँपालिका २७ डिग्री ४९ मिनेट ५ सेकेण्ड देखि २७ डिग्री ५५ मिनेट १५ सेकेण्ड उत्तरी अक्षास सम्म र ८२ डिग्री ३६ मिनेट ८ सेकेण्ड देखि ८२ डिग्री ४८ मिनेट २६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ । कूल क्षेत्रफल १६१.०७ वर्ग किलोमिटर रहेको छ ।यस गाउँपालिकाको पूर्वमा राप्ती नदीपारी अर्घाखाँची जिल्ला र दक्षिणमा राप्ती नदी तथा गढवा गाउँपालिका, उत्तरमा घोसखोला र वंगलाचुली गाउँपालिका तथा पश्चिममा लमही नगरपालिका पर्दछ । यस गाउँपालिकाको विचबाट करिव १५ कि.मि पूर्वपश्चिम राजमार्ग पर्दछ । यो गाउँपालिका समथर तथा सिंचाई सुविधा भएको कारण अति उर्वर समेत भएकाले कृषि खेती तथा तरकारी वालीको लागि राम्रो संभावना छ ।

यस गाउँपालिका क्षेत्रमा व्रामहण, क्षेत्री, ठकुरी, मगर, थारु, दलित र मुश्लिमहरुको वसोवास रहेको छ । राप्ती गाउँपालिकामा जम्मा जनसंख्या २०७६ सालको wash Plan अनुसार महिला २८८६० र पुरुष ३०११० गरेर जम्मा ५८९७० रहेको छ । त्यसै गरी प्रतिपरिवार औषत जनसंख्या ५.०७ जना रहेको छ । राप्ती गाउँपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन्। यस गाउँपालिकाका वडाहरुको जनसंख्या तथा घरपरिवारहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धैरै जनसंख्या वडा नं. १, २ र ३ मा रहेको छ । त्यस्तै सबैभन्दा थोरै घरधुरी वडा नं. ९ मा रहेको छ।

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स./ न.पा. हरु | साविक वडा नं. | क्षेत्रफल | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | लालमटिया | ३ | २२.७ | | | | |
| २ | लालमटिया | ४,७ | २३.९ | | | | |
| ३ | लालमटिया | १,२,८ | ९ | | | | |
| ४ | लालमटिया | ५,६,९ | १५.८ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सिसहनिया | ५,७ | ४२.२ | | | | |
| ६ | सिसहनिया | ८,९ | ९ | | | | |
| ७ | सिसहनिया | १,२,३ | ८.३ | | | | |
| ८ | सिसहनिया | ४,६ | ९.२ | | | | |
| ९ | हाँसिपुर | १,२ | २१.६ | | | | |

## १.पृष्ठभूमी

महिला र पुरुषको समानुपातिक बिकास बिना समुन्नत समाजको कल्पना गर्न सकिदैन। समुन्नत समाज निर्माणको लागि समानुपातिक बिकास आजको आवश्यकता हो। समग्र राष्ट्र निर्माणमा महिला र पुरुषको समान महत्व हुंदाहुंदै पनि व्यवहारमा समानता छैन। आधा भन्दा बढि जनसंख्या ओगटेको महिलाहरूको विकासमा राज्यले संबिधानप्रद्त्त हक अधिकारको कार्यन्यन गर्न तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरूलाई पुरा गर्न बिशेष जोड दिनु पर्ने देखिन्छ। संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुनेसबै प्रकारकाहिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

संविधानको धारा १८ को समानताको हकमा सबै नागरिकहरु तथा सामाजिक र सांस्कृकितरुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि राज्यले कानुन बनाई विशेष व्यवस्था गर्न सक्ने उल्लेख छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

यसैगरि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लेलैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी देहायकाप्रावधानहरुको व्यवस्था गरेको छः

क) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था।

ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहु विवाह, लैङ्गिकहिंसा अन्त्य गर्ने आदि व्यवस्था ।

ग)  स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, महिला, योजना छनौटमा बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिदै लैससास प्रवर्धन गर्ने व्यवस्था ।

यस सन्दर्भमा संविधानको मर्म र भाबना अनुरूप लैंङ्गिक बिभेदको अन्त्य गरि आर्थिक समानता, समृद्दि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्दान्तमा आधारित समतामूलक सामाजको निर्माण गर्नको लागि संघीय संरचना अन्तरगत बनेका स्थानीय तह तथा निकायहरूले आ आफ्नो निति तथा कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट तथा लै स सा स परीक्षण प्रणालीलाई आन्तरिकरण गर्नु अपरिहार्य रहेकोले राप्ती गाँउपालिकाले लै स सा स परिक्षण गरेको छ।

## २. अध्ययनको महत्व

रापती गाँउपालिकाले महिला, जनजाती, आदिबासी, दलित, सामाजिक, आर्थिक रूपमा पछाडी परेको वर्ग तथा समुदायको सहभागितालाई बढाएर बिकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिएको छ । आफ्नो क्षेत्रको विकासको लागि साधनहरूको परिचालन, बाँडफाँड, कार्यन्यन र त्यसबाट प्राप्त प्रतिफलको उपभोगमा यस परीक्षणले सामाजिक समानता आउने उद्धेश्य राखेको छ। संस्थाको कार्यलाई बढी प्रभावकारी बनाउन संस्थामा लैंङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गिक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैंङ्गिक बजेट र लै. स. सा. स परीक्षण गर्न आवश्यक ठानेको छ । लै.स.सा.स  परीक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमुल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरूको व्याक्तिगत तथा संस्थागत कृयाकलापहरूलाई लै.स.सा.स को क्षेत्रमा काम गर्न उत्साह जगाँउछ। साथै यस प्रकृयामा संलग्न कर्मचारीहरूलाई लैंङ्गिक पक्षमा उत्तरदायी हने तर्फ पनि उन्मुख गराउँदछ।  यस प्रकृयाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भाबना जर्गेना गर्न पनि सघाउ पु-याउदछ। परिक्षणद्धारा कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी बर्षको कार्यक्रम तथा बजेटलाई लै.स.सा.स को दृष्टिकोणबाट तय गर्न तथा बजेट छुट्टयाउन समेत मद्धत पु¥याउँदछ।

## ३. लैङ्गिक परीक्षणको उद्देश्यहरु

लैससास परिक्षणको मुख्य उद्देश्य गाँउपालिकाले गर्ने सम्पुर्ण विकासका कार्यहरुलाई लै.स.सा.स उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिच्छित, समतामुलक वितरण तथा उपयोगि बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार रहेका छन।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैङगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्‌ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्‌धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग) स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने

## ४. लैङ्गिक परीक्षणले समेटने क्षेत्रहरु

संधिय सरकारले निर्माण गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको परिक्षणको नमुना निर्देशिकमा बिषेश गरि ५ वटा मुल शिर्षक रहेको हुँदा त्यही ५ वटा मुल शिर्षक रहेर नै यस गाँउपालिकाको लै.स.सा.स परिक्षण गरिएको छ जुन निम्न रहेका छन।

१. निति, कानुन तथा योजना
२. संस्थागत व्यावस्था
३. मानव संशाधन तथा विकास
४. सेवा प्रवाह
५. सुशासन तथा उत्तरदायित्व

## ५. लैङ्गिक परीक्षणक विधि र तरिका

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दुई चरणमा विभाजन गरी देहाय अनुसार सम्पन्न गरियो।

### ५.१ तयारी चरण

लैससास परीक्षणको लागि सहभागीहरू तोक्ने, लैससास कार्यशाला गोष्ठी संचालनको लागी मिति, स्थान, समय, अवधि निर्धारणको लागि गाँउपालिकाको अध्यक्षको अध्यक्षतामा बैठक बसि उपाअध्यक्षको संयोजकत्तोमा ५ सदस्सीय लैससास परिक्षण कार्यदल गठन गरि कार्यशाला संचालको लागि २०७८ को असार महिनाको ४ र ५ गतेको मिति निर्धारण गरि कार्यशाला गोष्ठिको प्रकृयाको बारे मा छलफल गरि निर्णय गरियो। साथै उत्त कार्यदल र लैससास परिक्षण विज्ञले गाउँपालिकाको निति तथा कार्यक्रम, आवाधिक योजना, बार्षिक तथा चौमासिक प्रगती प्रतिवेदन तथा अन्य दस्तावेजहरुको पुनारवलोकन गरि प्रारम्भिक प्रतिवेदन तय गरियो।

### ५.२, कार्यान्वयण चरण:

लैससास परीक्षण कार्य नितान्त संस्थाको स्व-लेखाजोखा कार्यक्रम भएको हुनाले संस्थाका सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरुलाई लैससास को अवधारण र लैससास परिक्षणको महत्तव बारे प्रष्ट गरियो। लैससास परिक्षणमा सबै सहभागिलाई ५ वडा समुहमा बिभाजन गरि प्रत्यक समुहलाई एउटा एउटा मुल शिर्षकमा गहन छलफल गर्न लगाई प्राप्त नतिजालाई पुन ठुलो समुहमा छलफल गराई अंक भार निर्धारण गरियो। यसरी नै सबै ५ वटा नै मुल बिषयको १०० वटा सुचांकमा छलफल गरि जम्मा प्राप्त अंक निर्धारण गरियो। प्राप्त भएका नतिजालाई माकुरोको जालो र भेन डायग्राममा प्रस्तुत गरि स्व मुल्याङ्क गरिएको थियो। सहभागितादधारा प्रत्येक बिषय क्षेत्रको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको सामुहिक आङ्कलन गरि र अन्तत सुधार गर्नु पर्ने पक्षको कार्य योजना समेत तयार गरियो।

## ६. लैङ्गिक परीक्षणकासहभागीहरु

गढवा गाँउपालिका मा लैससास परिक्षणको क्रममा बिभिन्न फरक दिनहरु कार्यदल गठन देखि कार्यशाला गोष्टिको दिन सम्म सहभागी भएका सहभागिहरु निम्न छन्।

| दिन | महिला | पुरुष | जम्मा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कार्यदल गठन | ६ | ९ | १५ |
| कार्यशालाको पहिलो दिन | ७ | १२ | १९ |
| कार्यशालाको दोस्रो दिन | ७ | १२ | १९ |

## ७ लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु

यस राप्ती गाँउपालिकाको लैससास परिक्षणको लागि गठित कार्यदल तथा सहभागिहरुले लैससास परिक्षणका लागि कार्यबिधिमा उल्लेख गरिएका ५ वटा मुल शिर्षकले प्राप्त गरेका अंक र २२ वटा सह बिषयले प्राप्त गरेका अंकलाई माकुरोको जालो बिधि बाट र भेन डायग्राम बिधिबाट बिश्लेशण गरियो थियो। एउटा मुल बिषय पुर्णङ्क २० रहेको थियो भने ३ वटा सह बिषयको पुर्णङ्क ८ र बाँकी १९ वटा सह बिषयको पुर्णङ्क ४ रहेको थियो। सबै मुल बिषयको सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर तथा चुनैतीहरु तालिका बनाई छलफल गरि सबै सहभागिहरुले अगाडी प्रस्तुत गरिएको गरिएको थियो।

## ८. लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

लैङगिक समानता तथा सामाजिक समाबेशिकरण परिक्षण गरिसके पछि गाँउपालिका मार्फत सञ्चालन भइरहेको विभिन्न क्रियाकलापहरुमा लैङगिक संवेदनशिलताको अभ्यासको अध्ययन तथा पृष्ठपोषण प्राप्त भएको छ। गाँउपालिकाले अवलम्बन गरेको लैससास निति तथा कार्यक्रमगरुको अन्तराल विश्लेषण गरि नयाँ कार्यक्रमहरुको सहितको कार्य योजना तयार गरिएको थियो। आगामी दिनमा गाँउपालिकालाई लैङगिक समानता तथा सामाजिक समाबेशिकरणमैत्री बनाई थप सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नेका लागि पनि परिक्षणले मार्ग प्रशस्त गरेको छ। मुख्यतया लैससास परिक्षण पश्चात निम्मानुसार उपलब्धीहरु तथा प्राप्तिहरु फहिचान भएका छन्।

- राप्ती गाँउपालिकाले आवश्यक निति तथा कार्यविधिहरु तयार गरेको  साथै तर्जुमा गरेका निति तथा कार्यविधिहरुमा लैससास बिकाससंग सम्बन्धित कुराहरु समाबेश हुने गरेका छन् ।
- लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यबिधि तय गरि प्रभावाकारीरुपमा कार्यन्यनमा आएको पाईयो।
- बार्षिक निति तथा कार्यक्रम , आवाधिक योजनाहरुमा गरिब तथा बेरोजगारको नक्साकङ गरि उनिहरुको प्रत्यक्ष फाईदाको लागि कार्यक्रम हरु गर्ने गरेको।
- सामाजिक समावेशिकरणका अभ्यास गर्दै स्थानिय तहको पदाधिकारी तथा कर्मचारीहरुमा महिला प्रतितिधित्व ४०% भन्दा बढि रहेको र पछडिएका वर्गको पनि निर्णयक तहमा समाबेशिता रहेको।
- यस पालिकाले नागरीक तथा सामाजिक जवाफदेहिताको लागि केहि राम्रो अभ्यास गरेको छ जस्तै , सार्बजनिक सुनुवाई, सार्वजनिक परिक्षण, LISA, नागरिक वडा पत्र , सुचनापाटी आदि गर्ने गरेको।
- यस पालिकाले website निर्माण गरी बिभिन्न सुचनाहरु बार्षिक निति, कार्यक्रम तथा बजेट, आय, बार्षिक तथा चौमासीक प्रगती प्रतिवेदन पञ्जीकरणको तथ्याङ्क सामाजिक सुरक्षा भत्ताको विवरण तथा सूचनाहरु आदि सार्वजनिकरण गर्ने गरेको छ।

## ९. लैससास परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेसीकारणको अवस्था:

गाँउपालिकाले लैङगिक समानता तथा सामाजिक परिक्षण गरिसके पछि प्रमुख ५ वटा मुल शिर्षकका सय वटा सुचकहरुले प्राप्त गरेको अंकलाई विश्लेषण गरि छलफल गरिएको थियो। जम्मा १०० अंकभार रहेको सुचकहारुमा गाँउपालिकाले ६९  अंक  हासिल गरेको छ। परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंकलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।


### ९..१.   परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

| क्र.स. | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | कुल प्राप्ताङ्क |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | १.१.१ - १.१.८, १.२.१ - १.२.८, १.३.१ - १.३.४ | २० | ११ |
| २ | २.१.१ - २.१.४, २.२.१ - २.२.४, २.३.१ - २.३.४, २.४.१ - २.४.४, २.५.१ - २.५.४ | २० | १६.५ |
| ३ | ३.१.१ - ३.१.८, ३.२.१ - ३.२.४, ३.३.१ - ३.३.४, ३.४.१ - ३.४.४ | २० | १३ |
| ४ | ४.१.१ - ४.१.४, ४.२.१ - ४.२.४, ४.३.१ - ४.३.४, ४.४.१ - ४.४.४, ४.५.१ - ४.५.४ | २० | १४.५ |
| ५ | ५.१.१ - ५.१.४, ५.२.१ - ५.२.४, ५.३.१ - ५.३.४, ५.४.१ -५.४.४, ५.५.१ -५.५.४ | २० | १४ |
| | जम्मा | १०० | ६९ |


## ९.२. लैङ्गिक परीक्षण नतिजाको माकुरे जालो

### ९.२.१ मकुरोको जालो बिधि १


राप्ती गाँउपालीकाको लै.स.सा.स नतिजा
पुणङ्क
प्राप्ताअंक
निति तथा कानुना
संस्थागत व्यावस्था
मानव संशाधन तथा क्षामता विकास
सेवा प्रवाह
सुशासन तथा उत्तरदायित्व
२०
१५
१०
५
०
११.०
१३.०
१६.५
१४.५
१६.०

९.२.२ भेन डायग्राम बिधि १




**९.२.३ उपकार्यक्षेत्रगत रूपमा नतिजाको माकुरी जालोद्दारा प्रस्तुती**

## १०. गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु

| मूल शोर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | स्थानीय सरकारको निति र योजनमा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण विकास( कुराहरु समाबेश गर्नु<br><br>स्थानिय तहको कार्यन्वनमा लयाएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय तथा लक्षित वर्गको सम बिकासको कुरामा जोड दिईएको<br><br>गाउँपालिकाको बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारणगर्दा महिला, बालबालिका, तथा | कानुन तथा निति निर्माणको क्रममा लाभग्राही विशेषत: महिला तथा सामाजिक रुपमा बञ्चितिमा परेको सुदायको सुझाव लिने संयन्त्र व्यावस्था नहुनु।<br><br>गाउँपालिकामा महिला तथा पुरुषको समबिकास तथा सामाजिक समाबेशिकरण तथा विभेद अन्त्यको लागि अलग्गै निति नहुनु<br><br>गाँउपालिकामा निर्माण भएका निति, नियम तथा कार्यविधिबारे पदाधिकारी, कर्मचारी तथा सरोकारवालालाई अभिमुखिकरण नहुनु।<br>टोल बस्ति स्तरको योजना तर्जुमा प्रकृयामा सबै | आवश्यक, निति, निर्देशिका तथा कार्यबिधिहरुको निर्माण र त्यसको लागि आबश्यक बजेट बिनियोजनाको व्यावस्था गरिएको।<br><br>गाउँपालिकाको बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारणगर्दा लैससास शिर्षकमा बजेट बिनियोजन गर्ने गरेको। | निति निर्माण र वजेट निर्माणमा पुर्ण तादात्यता कायम नहुने परिपाटी |

| | | | | |
|---|---|---|---|---|
| | बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषण गरि सो को आधारमा त्यस समूहको लागि प्रत्यक्ष्य फाइदा पुग्ने गरि केहि प्रतिशत बजेट छुट्याउने गरेको<br><br>संघीय कानुनले व्याव्स्था गरे बमोजिन स्थानिय स्तरमा महिला तथा वञ्चितिकरणमा परेको समुदायमा हुने हिंसा त विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाएको र लैङ्गिक हिंसा निवारण कोष  प्रभावकारी रुपमा संचालनमा ल्याउनु | प्रकारका लिङ्ग र समुदायहरु संग छुट्टा छुट्टै छलफल गरि आबश्यकता पहिचाल गर्ने नगरेको<br><br>गाँउपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु दिगो बिकासका लक्ष्य प्रति सचेत नहुनु र यसमा आधारित भएर कार्यक्रम तथा योजनाको तयार नहुनु | | |
| संस्थागत व्यवस्था | स्थानिय सरकारले कर्मचारी र पदाधिकारिहरुको कार्य संचालन लागि निति कानुन र अभ्यास सम्बन्धि दस्तावेज भएको हुदाँ कार्य संचालन गर्न सजिलो हुनु<br><br>गाँउपालिकामा लैङ्गिक विकास शाखाको व्यावस्था तथा कार्यलयमा हुने दुर्व्यवाहारको नियन्त्रणको लागि सुनुवाई ईकाई | ▪ गाँउपालिकाले महिला विकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा प्रयाप्त स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना नगर्नु।<br>▪ गाउँपालीकाले गठन गर्ने समिति, उपसमिति तथा कार्यदलमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको प्रमुख | पालिका धेरै स्थानिय कर्मचारी भएको हुदाँ समुदायको भाषा संस्कृति बुझ्ने हुदाँ काम गर्न सहजता<br><br>महिला तथा लक्षित समुदायका पदाधिकारी तथा कर्मचारीहरुको क्षामता अविबृद्दिका लागि निर्दिष्ट | ▪ महिला तथा पिछाडिएको वर्गको निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चितता |

| | | | | |
|---|---|---|---|---|
| | साथै आचार संहिता बनाएर लागु गरिएको<br><br>गाँउपालीकामा कर्मचारी पदपुर्ति गर्दा सबै जातजाती, बर्ग, लिङग र समुदायको प्रतिनिधित्व हुनगरि समाबेशी अबधारणको लागु गर्न सुरु गरिएको। स्थानिय तहमा स्थानिय कर्मचारी भएको हुदाँ समुदायको भाषा संस्कृति बुझ्ने हुदाँ काम गर्न सहज हुने<br><br>महिला तथा लक्षित समुदायका पदाधिकारी तथा कर्मचारीहरुको क्षामता अविबृद्दिका लागि निर्दिष्ट कार्यक्रमहरुको लागि बजेट विनियोजन तथा समान सहभागिताको सुनिच्छित गरिऐको। गाँउपालिकाले आफ्नो क्षेत्रमा समुदायस्तरका(लिङ्ग, उमेर, जात, र आर्थिक स्थिति आदि) समावेश भएको आधारभूत खण्डिकृत सूचना, तथ्याँकको | तथा निर्णयक तहमा प्रतिनिधित्व नहुनु | कार्यक्रमहरुको लागि बजेट विनियोजन तथा समान सहभागिताको सुनिच्छित | |

| | | | | |
|---|---|---|---|---|
| | अध्यावधिकन गरेको | | | |
| मानव संसाधन तथाक्षमता विकास | लैससास सम्बन्धि अभिमुखिकण गरि कर्मचारी तथा पदाधिकारीहरु लैससास को बारे सचेत हुनु<br><br>स्थानिय सरकारले महिला बिरुद्द हुने सबैखालको हिंसा न्युनिकरण गर्ने कार्यक्रमहरु संचालन गर्नु र त्यसको लागि उचित वजेटको बिनियोज हुने गरेको<br><br>विपत व्यावस्थापन सम्बन्धि रणनितिक कार्यनिति सहितको कार्यबिधि तयार तथा महिला तथा वञ्चितिकरणमा परेका समुदायको उपस्थितिमा विपत् सम्बन्धि तथ्याङक संकलन तथा नक्सांकन हुने गरेको | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्य योजना तयार भएपनि छुट्टै शिर्षकमा बजेट विनियोजन तथा कार्यबिधि निर्माण गरिनु पर्ने<br>लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत व्यबस्था गर्नु पर्ने<br><br>गाँउपालीकामा कर्मचारी तथा पदाधिकारीको क्षामता बिकास तथा समस्या समाधानको लागी छुटै मानव संशाधन विकास शाखाको व्यावस्था नहुनु<br>पदाधिकारी तथा कर्मचारीलाई लै.स.सा.स सम्बन्धि प्रयाप्त तालिम नहुनु र महिला बिकासका लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन, घोषणपत्र आदी बारे जानकारी कम रहेको | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजनाबार्षिक , बजेट किताबमा खर्चको व्यासस्था गरि महिला तथा पुरुष कर्नचारी तथा पदाधिकारीहरुको समान रुपमा क्षामता विकासका कार्यक्रम गर्ने गर्नु<br><br>महिला विरोद्द हुने हिंसा तथा सामाजिक कुसस्कारका बारे पदाधिकारी तथा कर्मचारीहरु सचेत भई हिंसा निर्मुल पार्नको लागि समय समयमा जनचेतनामुलक कार्यक्रमहरु हुने गरेका | लैससास बिषय विज्ञको कमि |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| सेवा प्रवाह | गाँउपालिका भित्र निर्मित भौतीक संरचनाहरु ड्रइङ, डिजायन गर्दा अपाङगता, वाल, महिला मैत्री हुनु पर्ने प्राबधान सहित भवन तथा संरचना निर्माण निर्देशिका कार्यन्वयनमा रहेको<br><br>परिवार नियोजना, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वस्थ्य सम्वन्धि कार्यक्रमहरु लगाएत महिलाको प्रजनन् स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालनमा रहनु<br><br>शिक्षा खानेपानी तथा सरसफाई र पुर्वधार विकासको लागि उचित वजेटको व्यावस्था भएको | प्रजनन् स्वास्थ्य सम्बन्धी निति बनाई प्रभाकारी रुपमा कार्यन्वयनमा ल्याउनु पर्ने<br>महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट को व्यावस्था गर्ने<br><br>योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिईमहिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने | खानेपानी तथा सरसफाई र पुर्वधार विकासको लागि उचित वजेटको व्यावस्था भएको<br><br>पालिकाले बार्षिक योजना तर्जुमा गर्दा वेरोजगार युवा , गरिव परिवार, महिला तथा पिछडिएका समुदायको आर्थिक सशक्तिकरणको लागि स्वारोजगार, आय मुलक र सिपमुलक कार्यक्रमको व्यावस्था गर्ने गरेको | योजना तथा कार्यक्रमको लाभ, प्रभाव विश्लेषण नहुनु<br><br>निति तथा कार्यविधिको कार्यन्वयन पक्षमा कमजोरी |

| | | | | |
|---|---|---|---|---|
| | गाँउपालिकालले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समूदायका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय जानको लागि बिषेश कार्यक्रम गरेको ( दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक तथा छात्रबृद्दिको व्यावस्था<br><br>अशिक्षित महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष कार्यक्रमहरु संचालन गरिएको जस्तै गृहणी शिक्षा, किशोरी कक्षा आदी। | | | |
| सुशासन तथा उत्तरदायित्व | स्थानीय तहले प्रवाह गरेको सम्पुर्ण कार्य कार्यपालिका तथा सभाले निति नियमबाट पारीत गर्ने गरेको<br><br>गाँउपालिकाले सुशासन तथा | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता प्रभावकारी रुममा कार्यान्वयनमा ल्याउनु पर्ने<br>गाँउपालिकाले संचालन गरेका योजना, तथा कार्यक्रमहरुको | बिधिको शासन तथा व्यापक जनसहभागिता<br>कर्मचारी तथा पदाधिकारीहरु जनतासंग जफावदेही र उत्तरदायी सेवा प्रद्दायक र सेवा ग्राही बिच सुमुधुर सम्बन्ध | भष्ट्रचार बिरुद्द शुन्य सहनशीलता तथा बिधिको शासनको प्रभावकारी कार्यन्वयनमा चुनौती<br><br>महिला तथा पिछडिइका |

| | | | | |
|---|---|---|---|---|
| | जवाफदेहिताको लागि नियमित रुपमा कार्यक्रमको सार्वजनीक परिक्षण, सार्वजिक परिक्षण, सार्वजनीक सुनुवाई, नागरिक वडापत्र ,पत्रकार भेटघाट र स्थानीय संचार माध्यम द्दारा सुचनाको प्रदान गर्ने गरेको<br><br>स्थानीय सरकारले नियमित रुपमा वार्षिक योजना तथा कार्यक्रमको बजेट सहित सबै पिछडीएका बर्गले थाहा पाउने गरेर सार्वजनिक गर्नु<br><br>स्थानिय तह, संध र प्रदेश सरकारले तय गरेको निति, कानुन तथा कार्यक्रमहरु कार्यन्यन, सहकार्य र समन्नय गर्ने गरेको<br>लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जाललिकरण गरि स क्षेत्रको बिकासको लागि कार्यक्रमहरु गर्ने गरेको। | अनुगमन तथा मुल्याङकन् गर्दा लै.स.सा.स दृष्टिकोणवाट विश्लेषण गर्ने अनुगमन तथा मुल्याङकन् मापदणड तयार गर्नुपर्ने<br>महिला बिरुद्द हुने सबै प्रकारका भेदभाव तथा सामाजिक कुसंस्कार उल्मुलनको लागि तयार भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय निति, महासन्धि कार्य योजना तथा घोषण पत्रको बारे गाँउपालीकाका पदाधिकारी तथा कर्मचारी सचेत नहुनुर त्यो कार्यन्यनको लागि उचित बजेटको विनियोजन नहुनु<br>अनुगमन तथा मुल्याङ्कन वाट सिकेका सिकाईहरुलाई अर्को बर्ष लागु हुने योजना तथा कार्यक्रममा समावेश नगर्नु। | | वर्गका लागि विभिन्न कार्यक्रमहरु लागु गरिएको तथा उक्त कार्यक्रमवाट सरिकारवाला पगेको लाभ , असर र प्रभावको उचित विश्लेषण नहुने |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण हुने गरेको। | | | |

## ११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

**राप्ती गाउँपालिका**

**लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना**

असार, २०७८

| मूल शिर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने । नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| **पूर्णाङ्क** | **प्राप्ताङ्क** | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| नीति, कानून र योजना २० | ११ | १ लैससास दृष्टिले निति कानुन तथा योजनाको मस्यौदा उपर छलफल, वहस गर्न कार्यटोली निर्माण गर्ने, समिक्षा गर्ने, कार्यन्वयन पक्ष सहभागिता मुलक बनाउने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | आगामी आ.ब बाट सुरु | ✓ | |
| | | २ .महिला र पुरुषमा रहेको ज्याला विबेदको अन्त्यको लागि समान कामको समान ज्यालाको निति बनई कार्यन्वयनमा ल्याउने | प्र.सा शाखा | कार्पालिका | प्र.सा शाखा | दोस्रो चौमासिक २०७८ | ✓ | |
| | | ३ रेथाने र आप्रवासी कामदार तथा श्रमजिवि उपर हुने विभेद रोक्ने निति तयार र सोको प्रभावकारी कार्यन्यन गर्ने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | दोस्रो चौमासिक २०७८ | ✓ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ गाँउपालिकाको लैससास निति तयार गर्ने | उपाध्यक्ष | कार्यपालिका | महिला विकास शाखा | दोस्रो चौमासिक २०७८ | ✓ | |
| | | ५ बार्षिक र आबाधिक योजना तथा कार्यक्रममा लैससास लक्ष्य रणनिति निर्धारण गरि कार्यन्यन गर्ने र प्राप्त उपलब्धिलाई लैससास दृष्टीकोणबाट बिश्लेषण गर्ने | महिला बिकास शाखा | कार्यपालिका | महिला विकास शाखा | आगामी आ.व देखि | ✓ | |
| | | | | | | | | |
| संस्थागत व्यवस्था २० | १२.५ | १.लैङ्गिक विकास डेस्क तथा जिम्मेवारी किटान गर्ने | महिला बिकास शाखा | कार्यपालिका | महिला विकास शाखा | दिस्रो चौमासि २०७८ | | ✓ |
| | | २. कर्नचारी तथा जनप्रतिनिधिको क्षामता विकासको प्रयाप्तमात्रामा बजेटको बिनियोजन गर्ने | प्र.सा शाखा | कार्यपालिका | गा.पा | निरन्तर | | ✓ |
| | | ३. महिला तथा पिछडीएका बर्गको क्षामता बिकसका कार्यक्रम गरि समिति उपसमिति तथा कार्यदलमा प्रमुख निर्णायक भुमिकामा ल्याउने | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा | निरन्तर | ✓ | |
| | | | | | | | | |
| | | | | | | | | |
| मानव संसाधन तथा क्षमता विकास २० | ८.५ | १.गाँउपालीकामा कर्मचारी तथा पदाधिकारीको क्षामता बिकास तथा समस्या समाधानको लागी छुटै मानव संशाधन विकास शाखाको व्यावस्था गर्ने | प्र.प्र.अ | कार्यपालिका | गाँउपालिका | प्रथम चौमासिक | | ✓ |
| | | २.कर्मचारी तथा पदाधिकारीको लै.स.सा.स सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय निति, कानुन, धोषण पत्र आदि सम्बन्धि अभिमुखिकरण | महिला विकास शाखा | उपाध्यक्ष | महिला विकास शाखा | दोस्रो चौमासिक | ✓ | |
| | | ३. वडा नं ७ लाई लैङ्गिक हिंसा रहित वडा घोषणाको लागि प्रस्ताव गर्ने | वडा अध्यक्ष | कार्यपालिका | वडा कार्यलय | आ.ब २०७८ भित्र | ✓ | |
| | | ४. निर्वाचित जनप्रतिनिधि र कार्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार संचालन एन, अत्तर सरकार वित्त व्यावस्थापन ऐन, मुलुकी संहिता तथा निति तथा कार्यबिधि निर्माण प्रकृया वारे अभिमुखिकरण गर्ने | प्.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | तेस्रो चौमासीक भित्र | ✓ | |
| | | ५.समाजमा रहेका कुसंस्कार निवारणका लागि जनचेतता मुलक कार्यक्रमलाई निरन्तरता दिने | महिला बि. शाखा | कार्यपालिका | | गा.प | ✓ | |
| | | | | | | | | |
| सेवा प्रवाह २० | ८.५ | १. गर्भवतीलाई जोखिमयुक्त खतरा मुक्त काम नलगाउने तथा मातृ शिशु सुरक्षको लागि निति नियम बनाई कार्यन्वयन गर्ने | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | आगामी आ.व भित्र | | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २. महिला , गरिब निमुखा र वञ्चितिकरणमा परेका व्याक्तिहरुको स्वास्थ्य विमा गर्नको लागि उचित वजेटको व्यावस्था गरि सहजिकरण गर्ने | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | आगामी आ.व भित्र | | ✓ |
| | | ३ गाँउपालिकाक तथा वडा कार्यकयगरुमा स्थनपन कक्षको व्यावस्था गर्ने | स्वास्थय शाखा | कार्यपालिका | स्वास्थय शाखा | दोस्रो चौमासीक | | ✓ |
| | | ४. गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुकुल सुपथ मुल्यमा सहकारी पसलहरुको व्यावस्थापन गर्ने | आ.बि शाखा | कार्यपालिका | आ.बि शाखा | निरन्तर | ✓ | |
| | | ५. योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने | आर्थिक विकास शाखा | कार्यपालिका | आर्थिक बिकास शाखा | निरन्तर | ✓ | |
| | | | | | | | | |
| सुशासन तथा उत्तरदायित्व २० | १४ | १. गाँउपालिकाले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वयनमा | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | निरन्तर | | ✓ |
| | | २.गाँउपालिका द्दारा निर्माण भएका निति तथा कार्यक्रमहरुलाई स्थानिय स्तरको संचार माध्यमबाट स्थानिय भाषामा प्रशारण गर्ने | सुचना शाखा | प्र.प्र.अ | सुचना शाखा | निरन्तर | | ✓ |
| | | ३. अनुगमन तथा मुल्याङ्कनको लागि लैासासा दृष्टिकोटबाट हेर्ने मापदंण्ड तयार गरि सिकाईलाई बार्षिक कार्यक्रमको अग्रपङ्तिमा राखी दस्तावेजिकरण गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | दोस्रो चौमासीक | | ✓ |
| | | ४. गाँउपालिकाको जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | पहिलो चौमासीक | | ✓ |
| | | ६.महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई अभिमुखिकरण गर्ने | उपाध्यक्ष | कार्यपालिका | प्र.सा शाखा | दोस्रो चौमासीक | ✓ | |
| | | | | | | | | |

## १२. निश्कर्ष

राप्ती गाउपालिकाले २०७७ असार २ गते लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण परिक्षण गर्नको लागि एक कार्यदल गठन गरे पश्चात परिक्षणका लागि आबश्यक तयारी सहित अध्यायन, सरोकारवालासंग छलफल तथा अन्तरक्रयाहरु सफलता पुर्बक सम्पन्न भएको थियो। गाउपालिकाका विषयगत शाखाका कर्मचारीहरु तथा अन्य पदाधिकारिहरुसंग छलफल तथा अवलोकन गरि गाउपालिकाको लैङ्गिक संवेनशीलता अध्यायन गरेको थियो। यसै क्रममा गाउपालिकामा उपलब्ध निति तथा कार्यक्रम, समिक्षा प्रतिवेदन लगायतका अन्य दस्तावेजहरु अध्यान समेत गरिएको थियो। लैससास परिक्षणलाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो। यद्दपी सुचकहरुमा स्कोरीङ र अनुशिक्षणका लागि दुई दिने कार्यशाला गोष्टी तय गरिएको थियो। कार्यशालाको पहिलो दिन उपस्थित पदाधिकारी तथा कर्मचारीलाई लैससास तथा लैससास परिक्षणको आवस्यकता तथा महत्तको वारे अभिमुखिकरण गरि परिक्षणको सुचकहरु विच गहन छलफल गरि सुचकहरुमा स्कोरिङ गरियो। यसै गरि सुचकहरुको प्राप्तङ्कको आधारमा माकुरोको जालो बिधि र ड्यास विधिबाट नतिजाको अन्तराल विश्लेषण गर्दै आगामी दिनमा गाउपालिकाले गर्नु पर्ने कामको सुचि सहितको कार्य योजना तयार गरिएको थियो। लैससास परिक्षण कार्यशाला गोष्ठी गाउपालिका अध्यक्ष श्री नमुनन्द सुबेदीको अध्याक्षतामा सम्पन्न भएको थियो। गाउपालिका उपाध्यक्ष, प्रशासन प्रमुख, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा बिषयगत शाखाका प्रमुख तथा प्रतिनिधि गरि २९ जनाको महत्वपुर्ण सहभागिता रहेको लैससास परिक्षण कार्यक्रमलाई लैससास विज्ञ सोविता परियार र सन्जु लामिछानेले सहजिकरण गर्नु भएको थियो।

## १३. सुझाव

- प्रत्यक गाँउपालिकाले लैससास परिक्षण प्रत्यक आर्थिक बर्षको पहिलो चौमासीक भित्रमा गर्नु पार्ने। अहिले आ.व को अन्त्यमा गर्दा गाँउपालिकाको आफ्नो काम प्रशस्त रहनेको हुदाँ गाँउपालिकाको कर्मचारीले प्रशस्त समय दिन नसक्ने अबस्था रहेको
- लैससास बिषयलाई महिलाको मात्र क्षेत्र हो भन्ने मानषिकता हटाउनु पर्ने र हरेक कार्यक्रम गर्दा कर्मचारी तथा पदाधिकारिहरुले लैससास दृष्टिकोणबाट बिश्लेशण गर्नु पर्ने

- लैससास मैत्री निति, कार्यक्रम र बजेट तयार गरि कार्यन्वयन गर्ने।
- लैससास बिकासको लागि प्रत्यक वर्ष सभाबाट बजेट विनियोजन गरि योजना तर्जुमा तथा कार्यन्वयन गर्न आवश्यक
- लैससास परिक्षण कार्यशालाबाट तयार पारेको कार्ययोजना कार्यन्वयन र अनुगमन गर्ने

## अनुसुचिहरु

### लैससास परिक्षण गोष्ठीका केहि झलकहरु









लैससासकार्यशाला गोष्ठीको समय तालिका

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यशाला गोष्ठी**

असार ०३र ०४ २०७८

| | **बिषयबस्तु** | **क्रियाकलाप** | **विधि** | **जिम्नेवारी** |
|---|---|---|---|---|
| **पहिलो दिन-कार्यदल गठन** | | | | |
| १०.००- १२:०० | कर्मचारी तथा प्रमुख उपप्रमुख संग छलफल | - अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृत संग भेटधाट तथा लैससास परिक्षणको बारे जानकारी<br>- स्थलगत अनुगमन<br>- महिला बिकास शाखा संग छलफल | **अन्तरकृया तथा छलफल** | लैससास परिक्षण सहजकर्ता |
| १२.००- ३.३०० | दस्तावेज पुनरावलकन | - निति, कार्यबिधि तथा निर्दिकाको पुरावलोकन<br>- सम्बन्धित शाखा प्रूमुख संग अन्तरकृया<br>- पदाधिकारीसंग अन्तकृया | **अध्यान, अन्तकृया, छलफल** | लैससास परिक्षण सहजकर्ता |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो दिन | | | | |
| १०ः३०( | उद्घाटन | - आसनग्रहण<br>- स्वागत मतव्य<br>- परिचय | | गाาप |
| ११ः००( १:३०० | लैससा सम्बन्धि अबधारण | - लैससास के ,किन ,राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राबधानहरु | प्रस्तुती ,छलफल | सहजकर्ता |
| ११ः३०( १२ः३० | लैससा सम्बन्धि अबधारण | लैससास परिक्षण के ,किन ,र प्रकृया | प्रस्तुती ,छलफल | सहजकर्ता |
| १२ः३०(५ः०० | लैससास परिक्षणका सुचकहरुको मुल्याङ्कन | लैससास परिक्षणका सुचकहरुको अभ्यास | अभ्यास | सहभागी |
| **तेस्रो दिन** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १०रू३०( १२रू३० | लैससास परिक्षण सुचकहरु मुल्याङ्कन प्रकृया | माकुरिको जालो र भेन डायग्राम बिधिबाट नतिजाको प्रस्तुत र | प्रस्तुतिकरण र छलफल | सहभागी , सहजकर्ता |
| १२रू३०- ३रू०० | लैससास परिक्षण सुचकहरु मुल्याङ्कन प्रकृया | सबल पक्ष ,कमजोर पक्ष ,अवसर र चुनौतीको अभ्यास | अभ्यास | सहभागी , सहजकर्ता |
| **३रू००- ३रू३०** | | खाजा | | |
| ३रू३०(४रू३० | लैससास परिक्षण सुचकहरु मुल्याङ्कन प्रकृया | कार्ययोजना निर्माण | अभ्यास | सहभागी , सहजकर्ता |
| ४रू३०( ५रू०० | समापन सत्र | | | गाप |